**श्री**

**उच्च अदालत जनकपुर**

**संयुक्त इजलास**

इजलास नम्बर-३

**माननीय न्यायाधीश श्री नरिश्वर भण्डारी**

**माननीय न्यायाधीश श्री खेम राज भट्ट**

# फैसला

निर्णय नम्बरः४०८

मुद्दा नं.:- ०८१-CS-०२१६

रजिष्ट्रेसन नं.- ३८-०७६-०१७५२

**मुद्दाः-यौन सन्तुष्टि प्राप्त गर्ने तथा बालयौन शोषण।**

जिल्ला बारा निजगढ नगरपालिका वडा नं.१२ घर भई हाल कारागार कार्यालय जलेश्वर महोत्तरीमा थुनामा रहेको बिर बहादुर बम्जनको छोरा रामलाल बमजन.....१ } **पुनरावेदक प्रतिवादी**

**विरुद्ध**

नेपाल सरकार..............................................................................१ } **प्रत्यर्थी वादी**

**निर्णय नम्बरः ४०९**

**मुद्दा नं.:- ०८१-CS-०३०४**

नामथर परिवर्तित २२ जिल्ला बस्ने (क१) को छोरी नाम थर परिवर्तित (क) को जाहेरीले नेपाल सरकार..................................................................१ } **पुनरावेदक वादी**

**विरुद्ध**

जिल्ला बारा निजगढ नगरपालिका वडा नं.१२ घर भई सिन्धुली जिल्ला अन्तर्गत लुकीछुपी बस्ने बिर बहादुर बम्जनको छोरा राम बहादुर बम्जन भन्ने रामलाल बम्जन................................................................................१

जिल्ला मकवानपुर थाहा नगरपालिका वडा नं.७ घर भई सिन्धुली स्थित बोधीमार्ग दर्शन मैत्री आश्रमको प्रमुख तोप्चेङ महात्मा गुरु भन्ने ज्ञान कुमार बम्जन................................................................................१

जिल्ला सिन्धुली मरिन गाउँपालिका वडा नं.५ खनजनी बस्ने हरिचन्द्र तामाङको छोरा जे.बि.गुरु भन्ने जित बहादुर तामाङ.......................................................१

} **प्रत्यर्थी प्रतिवादी**

| | |
|---|---|
| शुरु फैसला गर्ने अदालत | श्री सर्लाही जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री जीवनकुमार भण्डारी |
| शुरु फैसला मिति | २०८१।०३।१७ |
| शुरू मुद्दा नम्बर | ०७६-C१-०२६९ |
| पुनरावेदन दर्ता मिति | २०८१/०६/०४, २०८१/०७/१३ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३)(क) बमोजिम यसै अदालतको क्षेत्राधिकारअन्तर्गत पुनरावेदनपत्र दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर र तपसिल यसप्रकार छः

**तथ्य खण्ड**

१. म जाहेरवाला २०७१ सालदेखि प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको आश्रममा आनी बनेर बसिरहेको अवस्थामा मिति २०७३/०४/२० गते राती अ.९:१० बजेको समयमा निजले ललाई फकाई प्रलोभन देखाई बोलाई आफू सुत्ने कोठामा लगी कोठाको चुक्कुल लगाई कोठाभित्र रहेको प्लाष्टिकको कार्पेटमा लडाई रुन कराउन हारगुहारसमेत गर्न नपाउने गरी मुखथुनी दुवैहात समाती विभिन्न किसिमको डर, त्रास, धाक, धम्की देखाई बोल्न कराउन नदिई यौनसन्तुष्टी लिनको लागि जबरजस्ती करणी गरेको तथा म जाहेरवाला एक्लै भएको मौका छोपी निज प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले म जाहेरवालालाई पटकपटक यौन सम्पर्क राखी यौन सन्तुष्टी प्राप्तगर्ने तथा बालयौनशोषण गरेको हुँदा निज प्रतिवादी रामलाल बम्जनलाई कानूनबमोजिम कारवाही गरी पाऊँ भन्नेसमेत बेहोराको नामथर परिवर्तित (क) को मिति २०७६।१०।२३ को **जाहेरी दरखास्त।**

२. जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा न.१२ पत्थरकोट स्थित महासवौरधी धर्मसंघ गुरुको आश्रमको कम्पाउण्ड रहेको, उक्त कम्पाउण्डको पश्चिमतर्फ पुर्वमोहडा भएको टायलको छानाभएको २ तल्ले २ कोठा भएको गुरु रामबहादुर भन्ने रामलाल बम्जन सुत्ने, बस्ने तथा पुजापाठ गर्ने आश्रम भवन रहेको, सोही भवनदेखि दक्षिणतर्फ उत्तर मोहडा भएको टिनको छाना भएको १ तले भान्साघर रहेको, उक्त भवनमा पीडित सुत्ने गरेको, उक्त भवनहरुमध्ये गुरु सुत्ने,बस्ने तथा पुजापाठ गर्ने आश्रम भवन भित्र मिति २०७३/०४/२० गते रातको २१:३० बजेको समयमा प्रतिवादी जिल्ला बारा निजगढ नगरपालिका वडा न.१२ रतनपुरी बस्ने अ.वर्ष ३० को रामबहादुर भन्ने रामलाल बम्जनले पीडित वर्ष १८ की नाम थर परिवर्तित २२ जिल्ला (क) लाई ललाई फकाई प्रलोभन देखाई बोलाई आफू सुत्ने कोठामा लगी कोठाको चुक्कुल लगाई कोठाभित्र रहेको प्लाष्टिकको कार्पेटमा लडाई रुन कराउन हारगुहारसमेत गर्न नपाउने गरी मुख थुनी दुवैहात समाती

विभिन्न किसिमको डर, त्रास, धाक, धम्की देखाई बोल्न कराउन नदिई यौनसन्तुष्टी लिनको लागि जबरजस्ती करणी गरी बाल यौनशोषण गरेको भन्नेसमेत बेहोराको **घटनास्थल मुचुल्का।**

३. Old hymenal tear present at 5 O'Clock and 9 O'Clock भन्नेसमेत बेहोराको पीडित नाम थर परिवर्तित २२ जिल्ला बस्ने वर्ष १८ की नाम थर परिवर्तित (क) को **स्वास्थ्य परीक्षण प्रतिवेदन।**

४. मेरो बहिनी पीडित नाम थर परिवर्तित (क) २०७१ साल देखि प्रतिवादी राम बहादुर भन्ने राम लाल बम्जनको आश्रममा बस्दै आएको थियो। त्यसपछि म ज्याला मजदुरी कामको सिलसिलमा बिदेश गई २०७५ साल माघ महिनामा बिदेशबाट काठमाण्डौमा आउँदा निज बहिनी जाहेरवाला नाम थर परिवर्तित (क) काठमाण्डौमा नै बसिरहेको भनी थाहापाई बहिनीसँग भेटी तिमीलाई रामलाल बम्जनले आफ्नो आश्रममा के गरेको हो भनी सोधपुछ गर्दा रुदै दाई म निज गुरुसँग सर्लाही जिल्लाको लालबन्दी नगरपालिकावडा न.१२ पत्थरकोट स्थित आश्रममा बस्ने क्रममा मिति २०७३/०४/२० गतेका राती अन्दाजी ९ देखि १० वजेको समयमा म सोही आश्रमको किचेनमा सुतेको थिएँ, त्यसैवेला निज प्रतिवादी रामलाल बम्जनले मलाई बोलाई मुख थुनी हात समाती आफू सुत्ने कोठामा लगी विभिन्न किसिमको डर, त्रास देखाई लडाई जबरजस्ती करणी गरेको, त्यसपश्चात् पनि पटकपटक निज प्रतिवादीले विभिन्न ठाउँमा म एक्लै भएको अवस्थामा पारी मसँग शारीरिक सम्पर्क राखी मलाई तिम्रो शरीर चाहिन्छ भनी मेरो संवेदनशील अंगमा छुने, सुम्सुमाउने र फकाउने गरी नै रहेकोले म निज प्रतिवादीले दिएको पीडा सहन नसकी आश्रमबाट भागी काठमाण्डौमा आई बस्दै आएको हुँ भनी मेरो बहिनी जाहेरवालाले बताउँदा मैले थाहा पाँएको हुँ। निज प्रतिवादी रामलाल बम्जनको आश्रममा मेरो नाबालक बहिनी नाम थर परिवर्तित (क) आनी बनी बसिरहेको अवस्थामा निज प्रतिवादीले निज बहिनीलाई २०७३ साल श्रावण महिना २० गतेदेखि यौन सन्तुष्टी प्राप्त गर्ने तथा बाल यौनशोषण गर्दै आएकोले निज प्रतिवादीलाई कानूनबमोजिम कारवाही गरीपाऊँ भन्नेसमेत बेहोराको **पीडितका दाई नामथर परिवर्तित (क४), (क५) र (क६) ले गरेको एकै मिलानको कागज।**

५. म २०७३ साल मंसिर महिनादेखि प्रतिवादी रामलाल बम्जनको आश्रम जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा न. १२ पत्थरकोट स्थित जंगलमा आनी बनी बस्ने गरेको र सोही आश्रममा पीडित नामथर परिवर्तित (क) पहिलादेखि बस्दै निजसँग चिनजान भएको हो। सो आश्रममा गुरुआमा, सानोगुरु १ जना, गुरु १ जना, मार्ग गुरु ४० जना तथा आनी १७ जना गरी हामी ७० जना जति मानिसहरु आश्रममा बस्ने क्रममा निज जाहेरवाला नामथर परिवर्तित (क) ले मलाई तथा मेरो साथीलाई तिमीहरु यहाँ नबस, यहाँको काम धेरै गाह्रो छ भन्दा म तथा मेरो साथीहरुले निज जाहेरवालाको कुरामा विश्वास नगरी म तथा मेरो साथीहरु निज प्रतिवादी रामलाल बम्जनको आश्रममा आनीको रुपमा

बस्ने गरेको थिएँ, सोही क्रममा १ वर्ष पछि जाहेरवाला नाम थर परिवर्तित (क) ले रुँदै कराउँदै म पहिलादेखि नै गुरु रामलाल बम्जनको आश्रममा बस्दै आएकोमा निज प्रतिवादीले हामीलाई बारा जिल्ला हलखोरिया स्थितबाट सिन्धुपालचोक हुँदै जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा न.१२ पत्थरकोट स्थित आश्रममा बस्ने क्रममा मिति २०७३/०४/२० गतेको राती अन्दाजी ९ देखि १० वजेको समयमा म सोही आश्रमको किचेनमा एक्लै सुतेको थिएँ, त्यसै बेला निज प्रतिवादी रामलाल बम्जनले मलाई बोलाई एक्कासी एक हातले मेरो मुख थुनी अर्को एकहातले मेरो दुवै हात पछाडि लगी समाएर मलाई निज सुत्ने कोठामा लगी मेरो मुख थुनी नै राखी आफ्नो कोठाको चुकुल लगाई मलाई प्लाष्टिकको कार्पेटमा लडाई मलाई १० मिनेटसम्म जबरजस्ती करणी गरी कसैलाई भनिस् भने राम्रो हुने छैन भनी नानाथरीको डरत्रास देखाई सो ठाउँबाट पठाइदिएको हो । त्यसपश्चात् पनि पटकपटक निज प्रतिवादीले विभिन्न ठाउँमा एक्लै भएको अवस्था पारी शारीरिक सम्पर्क राखी मलाई तिम्रो शरीर चाहिन्छ भनी मेरो संवेदनसील अंगमा छुने, सुम्सुमाउने र फकाउने गरिरहेको छ भनी निज जाहेरवालाले रुँदै भन्दा जाहेरवालाको कुरामा विश्वास गरी म तथा मेरो साथीहरु समेतले गुरुबाट आफ्नो इज्जत बचाउनको लागि भागी हामी आआफ्नो घरमा गएका हौँ, हामी घरमा नै बसिरहेको अवस्थामा निज जाहेरवाला नामथर परिवर्तित (क) प्रतिवादी रामलाल बम्जनले दिएको पीडा सहन नसकी भागी काठमाण्डौमा गएको कुरा सुनी थाहा पाएको हुँ। निज जाहेरवाला काठमाण्डौमा बसी रहेको कुरा थाहा पाई मैले काठमाण्डौमा गई निज जाहेरवालासँग भेटी किन तिमी गुरुको आश्रमबाट भागेर आएको भनी सोध्दा निज पीडितले निज प्रतिवादी रामलाल बम्जनले यौन सन्तुष्टी प्राप्त गर्ने तथा बाल यौनशोषण गर्दै आएकोले निज प्रतिवादीले दिएको पीडा सहन नसकी भागिआएको हुँ भनी बताएको हो भन्नेसमेत बेहोराको **कमला भन्ने निरासु मुक्तानले गरेको कागज।**

६. म २०७३ सालको बैशाख महिनामा प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको आश्रममा गई आनी बनी डेढ वर्ष जति बसेँ। सो आश्रममा म लगायत पीडित नामथर परिवर्तित (क) समेत गरी १७ जना आनीहरु बसेका थियौं। प्रतिवादी राम बहादुर भन्ने रामलाल बम्जनले हामीलाई कहिलेकाहीँ ग्रुपमा बोलाई ज्ञान गुणको कुरा सिकाउने गरेको थियो। जाहेरवालालाई एक्लै बोलाउने र दुवै जनाले हामीले नसुन्ने गरी खासखुस कुरा गर्ने गरेको थियो। जाहेरवाला (क) ले मसमेतलाई गुरु राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले फकाउने, समात्ने, जिस्काउने एक्लै बोलाउने, संवेदनशील अंग समात्ने, छुने, चलाउने जस्ता कार्य गर्छ भनेकी थिईन्। पछि बुझ्दा निज प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले पीडित २२ जिल्ला (क) लाई बाल यौनदुर्व्यवहार गरेको कुरासमेत थाहा भयो। निज प्रतिवादीले मसमेतलाई फकाई आश्रममा बस्नु भनी पटकपटक कर गर्ने फकाउने जस्ता कार्यहरु गर्न थालेपछि म समेतलाई त्यस्ता कार्यहरु गरी बालयौन

दुर्व्यवहार गर्छन् भन्ने डरले गर्दा म सो आश्रमबाट भागी घरमा आई बसेको हुँ। निज प्रतिवादी राम बहादुर भन्ने रामलाल बम्जनले पीडित नाम थर परिवर्तित (क) लाई कुटपिट गर्नेसमेतका कार्यहरु गर्दथे। निज प्रतिवादी राम बहादुर भन्ने रामलाल बम्जनले पीडितलाई पटकपटक यौन शोषण गर्ने, बाल यौन दुर्व्यवहार गर्ने कार्य गरेका रहेछन्, निज प्रतिवादीले पीडितलाई त्यस्तो कार्य गरी बाल यौन दुर्व्यवहार गरेका हुन् भन्ने कुरामा मलाई पूर्ण विश्वास लाग्छ भन्नेसमेत बेहोराको **डोल्मा भन्ने डोल्मा थिङ र असली लामाले गरेको कागज।**

७. अनकन्टार र अप्ठेरो जंगलक्षेत्र (३०/३५ बिघा) मा गैरकानूनी रुपमा छरिएर घरटहरासमेत संरचना बनाई नाका नाकामा संचार सेटसहितको पोष्ट राखी धर्मगुरु र संघका नाममा ६०/७० जनाको समुहसमेत लिई संगठित भई लुकिछिपी बसेको निज राम बहादुर बम्जन भन्ने रामलाल बम्जनलाई भगाउने, लुकाउने र पक्राउबाट जोगाउने कार्यमा उक्त आश्रमको प्रमुख तोप्चेङ महात्मा गुरु भनी चिनाउने ज्ञान कुमार बम्जन र जे.बि.गुरु भन्ने जितबहादुर तामाङको प्रमुख भुमिका रहेको हुँदा कसूरदार प्रतिवादीलाई लुकाउने, भगाउन सहयोग गरेको कारण निजहरुलाई मुलुकी फौजदारी अपराध संहिता २०७४ को दफा ३६(२) बमोजिम सजाय गरी पाऊँ भन्नेसमेत बेहोराको **प्र.उ.बेलबहादुर पाण्डेको प्रतिवेदन।**

८. पीडित नामथर परिवर्तित २२ जिल्ला बस्ने वर्ष १८ की नाम थर परिवर्तित (क) को जन्ममिति २०५८।०३।२० गते भएको भन्ने जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि मिसिल संलग्न रहेको।

९. म जाहेरवाला मिति २०७१।०४।२८ गते गुरु रामलाल बम्जनको दर्शन गर्नको लागि बारा जिल्लाको हलखोरिया स्थित आश्रममा लिएर गई मलाई बुवाले त्यही आश्रममा छाडेर आउनुभयो । म त्यहाँ करिव १ महिना जति बसी त्यहाँ आश्रमको रेखदेखको काममा बसें। त्यस पछि गुरुले म, आफ्नो श्रीमती दीपशिखा बम्जन, बहिनी रिन्छेन्मो र विष्णु बल तथा ४ जना नामथर थाहा नभएका चेलासमेतलाई सिन्धुपाल्चोक स्थित आश्रममा पठाउनुभयो। त्यहाँ करिव २ वर्ष जति बसी त्यहाँ आश्रमको रेखदेख तथा सरसफाई तथा खाना पकाउने कामसमेत हामी आनीहरु मिलेर गर्थ्यौं। २०७३ सालको बैशाख महिना तिर सर्लाही जिल्लाको पत्थरकोट स्थित आश्रममा म, गुरुको श्रीमती, विष्णु बल, रिता घलान तथा अन्य केही संघ भक्त चेलासमेतलाई गुरुको मान्छेहरुले लिएर आए । आश्रमभित्र गुरु बस्ने घर र खाना पकाउने किचेन एक ठाँउमा छुट्टाछुट्टै थियो। ती घरबाट अं.२/३ फिट पैदल हिड्ने दुरीमा साना साना अं.५/६ वटा टहराहरु थियो। ती टहराहरुमा चेलाहरु तथा भक्तहरु बस्थ्यो र म गुरुको खाना पकाउने भान्सा कोठामा बस्थें। मिति २०७३।०४।२० गते राती अन्दाजी ९ देखि १० बजेको समयमा म सोही आश्रमको किचेनमा सुतेको थिएँ, त्यसै बेला निज प्रतिवादी रामलाल बम्जनले मलाई (क), (क) भन्दै

बोलाउनु भयो, म बाहिर निस्कने बित्तिकै निज प्रतिवादीले एक्कासी एकहातले मेरो मुख थुनी अर्का हातले मेरो दुवै हात पछाडि लगी समाएर मलाई निज सुत्ने कोठामा लगी मेरो मुख थुनी नै राखी आफ्नो कोठाको चुक्कुल लगाई मलाई प्लाष्टिकको कार्पेटमा लडायो, शुरुमा के यस्तो गरेको गुरु भन्दै कराएँ, तर निजले मेरो कपडा खोल्न खोजेपछि मलाई डर त्रास लाग्न थाल्यो, म डरले थरथर भएँ अनि म रुन र कराउन थालें। यसै क्रममा निजले मेरो तलको भागको कपडा जबरजस्ती खोलीदियो र उसले पनि आफ्नो तलको भागको कपडा खोली मलाई उत्तानो पारी मेरो योनीमा उसले आफ्नो लिङ्ग छिरायो। म रुँदा कराउदा पनि कोही आएन, मलाई करिव १० मिनेट जति आफ्नो लिङ्ग मेरो योनीमा छिराई लिङ्ग बाहिर भित्र गरायो, त्यसपछि उसले छोडयो। त्यसबेला मेरो पेन्टीमा निजको लिङ्गबाट खसेको चिप्लो पदार्थ लागेको थियो अनि उसले यदि कसैलाई भनिस् भने राम्रो हुनेछैन भनी मलाई नाना थरिका डर, त्रास देखायो। प्रतिवादी रामलाल बम्जनको श्रीमती दिपशिखा डुम्जन नाम भएको गुरुआमालाई पनि नभन भन्यो। त्यसपछि मेरो योनी करिब दुई हप्तासम्म दुखेको र सुनिएको कारण हिडडुल गर्न गाह्रो भएको थियो तर त्यो कुरा डरले कसैलाई भनिन। घटनाको दुई दिनपछि निज प्रतिवादीको श्रीमती आइन् र केही हप्ता पश्चात् म र मेरो साथी एकिन ठेगाना थाहानभएको वर्ष ३३ की विष्णु बलको पत्थरीको अपरेशन गर्नको लागि काठमाण्डौ गएका थियौं। त्यसैबेला गुरुआमा दिपशिखाले मलाई फोन गरी तिमीले गुरुसँग शारीरिक सम्पर्क राखेकी रहेछौ मलाई किन नभनेको, गुरुले मलाई त्यो गर्भवती छ कि सोध भनेकोले मैले फोन गरी सोधेको भनेको थिईन्। म काठमाण्डौबाट फर्किए पश्चात् दिपशिखा बम्जनले मेरो श्रीमान् गुरु रामलाल बम्जनसँग तिमीले किन शारीरिक सम्पर्क राखेको भनी गुरु आमाले मलाई झापड हान्नु भयो। त्यसपछि पनि पटकपटक निज प्रतिवादीले विभिन्न ठाँउमा म एक्लै भएका अवस्था पारी शारीरिक सम्पर्क राखी मलाई तिम्रो शरीर चाहिन्छ भनी मेरो सम्बेदनशील अंगमा छुने, सुम्सुमाउने र फकाउने गरी नै रहेको थियो तर मैले त्यो अनैतिक कार्यको विरोध गर्दै आएको थिएँ। मैले प्रतिवादीको आश्रमबाट निस्कनको लागि पटकपटक अनुरोध तथा प्रयास गरें तर गुरुले मेरो केही पनि नसुनी मलाई गाली गलौज कुटपिट गर्नु हुन्थ्यो। मलाई धेरै नै शारीरिक तथा मानसिक पीडा भएपछि एकदिन मैले डोरीको पासो लगाई आत्महत्या गर्ने प्रयास गरें तर मेरो साथीहरुले थाहा पाएर गुरुको मान्छेलाई सूचना दिएपछि मलाई बचाई कडा निगरानीमा राखी मलाई थाहा नदिई मेरो बुवालाई झिकाई के कस्ता कागजमा मेरो तथा मेरो बुवाको सहीछाप गराई म माथि ८ लाख रूपैँया चोरेको अभियोगसमेत लगाई मलाई तथा मेरो भाई नाम थर परिवर्तित (क६) लाई मेरो बुवाको जिम्मा लगाई पठाइदिनु भएको थियो, म पीडितलाई न्याय दिलाई प्रतिवादीलाई कडा भन्दा कडा कारवाही गरी पाऊँ भन्नेसमेत बेहोराको **जाहेरवाला पीडित नाम थर परिवर्तित (क)ले गरेको कागज।**

१०. राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको आश्रममा बस्ने क्रममा पीडित नामथर परिवर्तित (क) सोही आश्रममा पहिला देखि बस्दै आएकोले निजसँग चिनजान भएको हो। गुरुआमा, सानो गुरु १ जना र गुरु १ जना तथा मार्ग गुरु ४० जना तथा आनी १७ जना गरी हामी ७० जना जति मानिसहरु निज प्रतिवादी रामलाल बम्जनको आश्रममा बस्ने क्रममा निज जाहेरवाला नामथर परिवर्तित (क) ले मलाई तथा मेरो साथीलाई तिमीहरु यहाँ नबस्, यहाँको काम धेरै गाह्रो छ भनी भन्दा म तथा मेरो साथीहरुले निज जाहेरवालाको कुरामा विश्वास नगरी प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको आश्रममा आनीको रुपमा बस्ने गरेको थिएँ। म तथा मेरो साथीहरुसमेत गरी १४ जना छुट्टै कोठामा सुत्ने गरेको तथा जाहेरवाला छुट्टै सुत्ने गरेको थियो। म तथा मेरो साथीहरु गुरुको आश्रममा बस्दा प्रतिवादी रामलाल बम्जनको श्रीमती गुरुआमा दिपशिखा डुम्जनले गुरुको व्यवहार ठिक छैन। निज गुरुले कति बालबलिकाको जीवन बर्वाद गरी दिएको छ, तिमीहरुको लागि यो आश्रम ठिक छैन भनी पटकपटक सम्झाउनु हुन्थ्यो तैपनि हामीले निज गुरुआमाको कुरा नमानी गुरुको आश्रममा नै बस्दै आएका थियौं। सोही क्रममा १ वर्ष पछि जाहेरवाला नामथर परिवर्तित (क) ले रुँदै कराउँदै म पहिला देखि नै गुरु राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको आश्रममा बस्दै आएकोमा निज प्रतिवादीले हामीलाई बारा जिल्ला हलखोरिया स्थितबाट सिन्धुपालचोक हुँदै जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा न.१२ पत्थरकोट स्थित आश्रममा बस्ने क्रममा मिति २०७३/०४/२० गतेका राती अन्दाजी ९ देखि १० वजेको समयमा म सोही आश्रमको किचेनमा एक्लै सुतेको थिएँ, त्यसै बेला निज प्रतिवादी राम बहादुर बम्जन भन्ने राम लाल बम्जनले मलाई बोलाई मेरो मुख थुनी अर्को एक हातले मेरो दुवै हात पछाडि लगी समाएर मलाई निज सुत्ने कोठामा लगी मलाई विभिन्न किसिमको डर, त्रास देखाई निज प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको हो। त्यसपश्चात् मेरो योनी करिब दुई हप्तासम्म दुखेको र सुन्निएको कारण हिडडुल गर्न पनि गाह्रो भएको थियो तर त्यो कुरा डरले मैले कसैलाई पनि भनिन। त्यसपछि पनि पटकपटक निज प्रतिवादीले विभिन्न ठाउँमा म एक्लै भएको अवस्था पारी मसँग शारीरिक सम्पर्क राखी मलाई तिम्रो शरीर चाहिन्छ भनी मेरो संवेदनशील अंगमा छुने, सुम्सुमाउने र फकाउने गरिरहेको छ भनी निज जाहेरवालाले रुँदै भन्दा निज जाहेरवालाको कुरामा विश्वास गरी म तथा मेरो साथिहरु समेतले गुरुबाट आफ्नो ईज्जत बचाउनको लागि भागी हामी आ-आफ्नो घरमा गयौ। हामी घरमा नै बसिरहेको अवस्थमा निज जाहेरवाला नाम थर परिवर्तित (क) प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले दिएको पीडा सहन नसकी भागी काठमाण्डौमा गएको कुरा सुनी थाहा पाएको थिएँ। निज जाहेरवाला काठमाण्डौमा बसिरहेको कुरा थाहा पाई मैले काठमाण्डौमा गई निज जाहेरवालासँग भेटी किन तिमी गुरुको आश्रमबाट भागेर आएको भनी सोध्दा निज पीडितले निज प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले यौन

सन्तुष्टी प्राप्त गर्ने तथा बाल यौन शोषण गर्दै आएकोले निजले दिएको पीडा सहन नसकी भागिआएको हुँ भनी बताएको थिइन्। निज प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको आश्रममा जाहेरवाला नामथर परिवर्तित (क) आनी बनी बसिरहेको अवस्थामा प्रतिवादीले जाहेरवालालाई मिति २०७३/४/२० गतेदेखि यौनसन्तुष्टी प्राप्त गर्ने तथा बाल यौन शोषण गर्दै आएकोले कानूनबमोजिम कारवाही गरीपाऊँ भन्नेसमेत बेहोराको **सरिता पाख्रिनसमेतले गरेको घटना बिवरण कागज।**

**११.** प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले चौध वर्ष भन्दा बढी सोह्र वर्ष भन्दा कम उमेरकी बालिकालाई यौन सन्तुष्टि प्राप्त गर्ने तथा बाल यौन शोषण गर्ने कार्य बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३)(छ) र (ज) बमोजिमको कसूर भएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ७२ को उपदफा (३)(छ) मा पारिभाषित मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३)(ग) बमोजिम सजाय हुन र प्रतिवादीहरु तोप्चेङ महात्मा गुरु भनी चिनाउने ज्ञान कुमार बम्जन र जे.बि.गुरु भन्ने जित बहादुर तामाङले कसूरदार रामलाल भन्ने राम बहादुर बम्जनलाई भगाउने, लुकाउने गरेकोले निजहरुको सो कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा ३६(१) र (२) बमोजिमको कसूर हुँदा निज प्रतिवादीहरुलाई ऐ. संहिताको दफा ३६(३) (ख) बमोजिम सजाय गरिपाऊँ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट क्षतिपुर्ति शुल्क बापतको रकम कोषमा जम्मा गरी पाऊँ भन्नेसमेत **वादी नेपाल सरकारको अभियोग दावी।**

१२. प्रस्तुत मुद्दाका प्रतिवादीहरु ज्ञानकुमार बम्जनसमेतका नाउँको पक्राउ पुर्जी तामेल गरी पठाइदिनु भनी जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा पत्र पठाएकोमा जिल्ला प्रहरी कार्यालय, सर्लाहीलेसमेत प्रतिवादीहरुको वतन भएको जिल्लामा पत्राचार गरेको देखियो। प्रतिवादीमध्येका ज्ञानकुमार बम्जनका नाउँको पक्राउ पुर्जी तामेल गरी पठाइदिनु भनी पटकपटक पत्राचार गरेको मिसिल संलग्न देखिंदा हालसम्म निजको नाउँको पक्राउ पुर्जी तामेली म्याद पनि प्राप्त हुन नसकेको र सोको जबाफसमेत प्राप्त भएको नदेखिंदा निज ज्ञानकुमार बम्जनको नाउँको पक्राउ पुर्जी म्याद के कति कारणले तामेल हुन नसकेको हो? सो सम्बन्धमा हालसम्म भएका पत्राचारको प्रतिलिपि र प्रस्तुत आदेशसमेत साथै राखी जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रमुख र जिल्ला प्रहरी कार्यालय, मकवानपुरका प्रहरी प्रमुखलाई सम्बोधन गरी पत्राचार गरी जवाफ वा म्यादतामेल भई आएपछि पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०७८।११।२ मा शुरु अदालतबाट भएको **आदेश।**

**१३.** प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जन मेरो गुरुजी हुनुहुन्छ। म मिति २०६८ साल देखि मैत्री धर्ममा आस्था राखी सामान्य नागरिकको हैसियतमा रहँदै आई रहेको छु। उक्त धर्म प्रति मैले आस्था राखेको हुनाले धर्मको कार्यक्रम हुँदा दर्शनको लागि विभिन्न ठाउँमा जाने गर्थे। मिति २०७३।४।२० गते काठमाण्डौ रहेको हुनाले उक्त दिनको

घटनाका सम्बन्धमा मलाई केही थाहा जानकारी नहुँदा मैले प्रस्तुत अभियोग दावीबाट सफाई पाउनु पर्ने हो भन्नेसमेत बेहोराको **प्रतिवादी ज्ञानकुमार बम्जन भन्ने ज्ञानकुमार भोम्जनले शुरु अदालतमा गरेको बयान।**

१४. पछि थप फौजदारी प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादी ज्ञानकुमार बम्जनलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम बमोजिम रू.१,००,०००।- (एक लाख रुपैया) धरौट वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नू। नगद धरौट वा सो बराबरको जेथा जमानत दिन नसके ऐ. को दफा ८० बमोजिम थुनुवापूर्जी दिई थुनामा राख्न पठाईदिनु भन्नेसमेत बेहोराको मिति २०७९।५।१० मा शुरु अदालतबाट भएको **आदेश।**

१५. प्रतिवादीहरु जितबहादुर तमाङ र रामलाल बम्जन शुरु अदालतबाट जारी भएको पक्राउ पुर्जीअनुसार हाजिर नभै म्यादै गुजारी बसेको देखिंदा जाहेरवालासहितका सरकारी साक्षीहरुलाई जिल्ला सरकारी वकील, कार्यालय सर्लाहीमार्फत उपस्थित गराई दिनु भनी सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाई हाजिर भई तारेखमा रहेका प्रतिवादी ज्ञान कुमार बम्जनलाई निजका साक्षी उपस्थित गराउन जानकारी गराई बकपत्रका लागि पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७९।६।३१ मा भएको **आदेश।**

**१६.** यी प्रतिवादी ज्ञान कुमार बम्जन मिति २०७३।४।२० को घटनास्थलमा थिएन, निज प्रतिवादी उपरको अभियोग दावी झुट्ठा हो। मैत्री धर्ममा आस्था राखेको हुनाले धर्मको कार्यक्रममा कहिलेकाही दर्शनका लागि जाने गर्दथे तर यी प्रतिवादी बोधी मार्ग दर्शन मैत्री आश्रसमा कुनै पदमा बसेका छैनन्। प्रस्तुत मुद्दा बनावटी झुट्ठा हो । यी प्रतिवादीले सफाई पाउनु पर्दछ भन्नेसमेत बेहोराको **प्रतिवादी ज्ञान कुमार बम्जनको साक्षी भक्त बहादुर लामाले शुरु अदालतमा गरेको बकपत्र।**

१७. जिल्ला सरकारी वकील कार्यालयको च.न.१२३६ मिति २०७९/०८/२५ को पत्र माग बमोजिम वादी नेपाल सरकारका साक्षीहरु जाहेरवाला पीडित नाम थर परिवर्तित २२ जिल्ला बस्ने (क) लगायत घटना विवरण कागज गर्नेसमेत मानिसहरुलाई बकपत्रका लागि सम्बन्धित प्रहरी कार्यालयमा पत्राचार गरी जिल्ला सरकारी वकील कार्यालय, सर्लाहीमार्फत उपस्थित गर्न लगाई बकपत्र गराउन मुलुकी फौजदारी कार्यविधि सहिंता,२०७४ को दफा १०१(४) बमोजिम एक पटकको लागि मौका दिइएको छ। बकपत्र गराई नियमअनुसार पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०७९।८।२५ मा शुरु अदालतबाट भएको **आदेश।**

१८. नेपाल सरकारका साक्षी जाहेरवाला पीडित परिवर्तित नाम २२ जिल्ला बस्ने (क), तथा घटनाविवरणमा कागज गर्ने मानिसहरु परिवर्तित नाम २२ जिल्ला बस्ने (क४), परिवर्तित नाम २२ जिल्ला बस्ने (क५), कमला भन्ने निरासु मुक्तान, सरिता पाखिन र सृजना बम्जनसमेतका नाममा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ११२ बमोजिम

समाह्वान म्याद जारी गरी झिकाई बकपत्रको लागि पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०८०।४।१५ मा शुरु अदालतबाट भएको **आदेश।**

**१९.** मैले घटना देखेको होइन तर पीडितले भने अनुसारको कागज लेखाई सहीछाप गरी दिएको हो। पीडित र म उक्त आश्रममा सँगै बस्ने गर्थ्यौं तर सुत्ने ठाउँ छुट्टाछुट्टै थियो। पीडितले प्रतिवादी रामबहादुर बम्जन गुरुले आश्रममा बस्दा मलाई राति राति यौन सम्बन्धी काम गर्थे, निजले मलाई जबरजस्ती करणी गर्थे भनेको हो भन्नेसमेत बेहोराको **घटना विवरण कागज गर्ने सरिता पाखिनले शुरु अदालतमा गरेको बकपत्र।**

२०. जाहेरी दरखास्तमा भएको बेहोरा र सहीछाप मेरै हो। मैले सर्लाही जिल्लाको पथरकोटको आश्रममा रहेको बेला मिति २०७३।४।२० राति अन्दाजी ९:००/१०:०० बजेको समयमा निज रामलाल बम्जनले मलाई एक्कासी बाहिर बोलाउनु भयो। म त्यहाँ गएपछि निजले मेरो मुख थुनी आफ्नो सुत्ने बेडरुममा लगी लडाई तलको कपडा खोली मलाई १५/२० मिनेट जति जबरजस्ती करणी गरेको हो । यो घटना वारदात अघि पनि निज गुरु रामलाल बम्जनले मेरो शरीरको संवेदनसील अंगहरु छुनुहुन्थ्यो अनि जिस्काउनु हुन्थ्यो। निजको चालचलन र आचरण खराब नै थियो। सो मिति समयमा निज प्रतिवादीको श्रीमती काठमाण्डौं गएको थियो। प्रतिवादी रामलाल बम्जन गुरुको घर डाँडा डाँडामा थियो र ढावाहरु बस्ने घर तलतिर थियो। हामी आनीहरु गुरुको खाना पकाई दिने, बच्चालाई खेलाई दिने गर्थ्यौं भन्नेसमेत बेहोराको जाहेरवाला परिवर्तित नाम (क) ले शुरु अदालतमा गरेको **बकपत्र।**

२१. मिति २०७७।१।१४ गतेको कागजमा भएको बेहोरा र सहीछाप मेरै हो, सो घटनाको सम्बन्धमा पीडितले मलाई बताएपछि थाहा पाएको हुँ। मैले आखाले देखेको छैन भन्नेसमेत बेहोराको **घटना विवरण कागज गर्ने सृजना बोम्जनले शुरु अदालतमा गरेको बकपत्र।**

२२. पीडितको शारीरिक जाँच गरी स्वास्थ्य परीक्षण प्रतिवेदन तयार गर्ने चिकित्सकको, बकपत्र भएको नदेखिँदा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तयार गर्ने चिकित्सकलाई बकपत्रको लागि २१ दिनभित्र जिल्ला सरकारी वकील कार्यालय, सर्लाहीमार्फत बकपत्रका लागि उपस्थित गराउनु, घटना विवरण कागज गर्ने कमला भन्ने निरासु मुक्तानको वतन फेला नपरी म्याद फिर्ता भई आएको देखिँदा जिल्ला सरकारी वकील कार्यालयबाट निज नाउँको स्पष्ट वतन खुलाउन लगाई खुलाएको वतनमा म्याद जारी गरी तामेली म्याद प्राप्त भएपछि वा अवधि व्यक्ति भएपछि नियामानुसार पेश गर्नु, शुरु अदालतवाट मिति २०८०।४।१५ गतेमा भएको पूर्व आदेशानुसार घटना विवरणमा कागज गर्ने मानिसहरु परिवर्तित नाम २२ जिल्ला बस्ने (क) र परिवर्तित नाम २२ जिल्ला बस्ने (क५) को नाममा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ११२ बमोजिम समाह्वान म्याद जारी गरी झिकाई बकपत्रको लागी पेश गर्नु भनी भएको आदेशबमोजिम निजहरूको नाममा जारी भएको

समाह्वानको तामेली प्रति मिसिल संलग्न नदेखिँदा यथाशीघ्र ताकेता गरी झिकाई तामेल प्रति मिसिल साथै राखी म्याद साथ उपस्थित भए साक्षीलाई बकपत्रका लागि पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०८०।८।५ मा भएको **आदेश।**

२३. म मिति २०७५ साल असोज महिनामा रामबहादुर बम्जनले संचालन गरेको संस्थामा आवद्ध भएको हुँ, सो भन्दा अगाडी के भयो मलाई थाहा जानकारी भएन। म २०७५ साल असोज महिना देखि सिन्धुली स्थित आश्रममा बसी २०७५ कार्तिक ५ गते देखि घरमा नै बसि रहेको छु, अभियोग दावी झुट्टा हो। म २०७५ साल असोज महिनामा रामबहादुर बम्जनले संचालन गरेको संस्थामा आवद्ध भएको हुँ, प्रतिवादी रामबहादुर बम्जनसँग चिनजान भेटघाट केही छैन, मैले प्रस्तुत मुद्दाको आरोपी रामबहादुर बम्जनलाई भगाउने लुकाउने कार्य गरेको होइन, २०७५ साल असोज महिना भन्दा अगाडी के भयो, मलाई थाहा जानकारी केही भएन, म निर्दोष छु भन्नेसमेत बेहोराको **प्रतिवादी जे.वि.गुरुङ भन्ने जित बहादुर तामाङले शुरु अदालतमा गरेको बयान।**

२४. पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादी जे.वि. गुरुङ्ग भन्ने जित बहादुर तामाङ्गलाई मुलुकी फौजदारी कार्यविंधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम रू.१,००,०००।- (एक लाख रुपैया) नगद धरौट वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु। नगद धरोट वा सो बराबरको जेथा जमानत दिन नसके ऐ.को दफा ८० बमोजिम थुनुवापूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा लेखी पठाउनु। साथै प्रतिवादी जे.वि. गुरुङ्ग भन्ने जित बहादुर तामाङ्गको साक्षी बुझी पेश गर्नु भन्नेसमेत बेहोराको शुरु अदालतबाट मिति २०८०।८।६ मा भएको **आदेश।**

२५. यी प्रतिवादी २०७५ सालको असोजमा रामबहादुर बम्जनको आश्रममा गएका हुन्, त्यो पनि सिन्धुली स्थित आश्रममा बस्नुभएको हो, त्यहाँपनि प्रतिवादी १ महिना पुग्दा नपुग्दै २०७५ सालको कार्तिक महिना लाग्नासाथ आश्रम छाडी काठमाण्डौंमा नै गई मेरो छिमेकमै डेरा गरी पेन्टिङ काम गरी बसेको हो। प्रहरी प्रतिवेदन पूर्ण रुपमा झुट्टा हो। प्रस्तुत मुद्दामा यी प्रतिवादी जित बहादुर तामाङले कुनै किसिमको गल्ती नगरेकोले प्रस्तुत मुद्दाबाट सफाई पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी **जे.वि. गुरुङ्ग भन्ने जित बहादुर तामाङ्गको साक्षी बम** बहादुर बम्जनले शुरु अदालतमा गरेको **बकपत्र।**

२६. मिति २०८०।८।५ को आदेशानुसारको पीडितको शारीरिक जाँच गरी स्वास्थ्य परीक्षण प्रतिवेदन तयार गर्ने चिकित्सकलाई बकपत्रका लागि उपस्थित गराइदिनु भनी प्रादेशिक अस्पताल मलंगवा सर्लाहीलाई शुरु अदालतको च.नं.७३७० मिति २०८०।८।११ को पत्र पठाएको देखिएकोमा निज चिकित्सक बकपत्रको लागि उपस्थित भएको पनि नदेखिएको र निजलाई उपस्थित गराउन नसकेको कारणसहितको जवाफसमेत पठाएको नदेखिँदा अनिवार्य रुपमा निज चिकित्सकलाई बकपत्रका लागि उपस्थित गराईदिनु भनी दिन

किटान गरी प्रादेशिक अस्पताल, मलंगवा सर्लाहीका प्रमुखलाई सम्बोधन गरी पत्राचार गर्नू। प्रस्तुत मुद्दाका प्रतिवेदक प्र.उ बेलबहादुर पाण्डेलाई प्रमाणको रोहमा नबुझी नहुने देखिएकाले निजलाई बकपत्रका लागि उपस्थित गराईदिनु भनी बकपत्र हुने दिन किटान गरी जिल्ला सरकारी वकील कार्यालय, सर्लाहीका प्रमुख र जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुखलाई सम्बोधन गरी पत्राचार गर्नू। निज प्रतिवेदक उपस्थित भए बकपत्रका लागि पेश गर्नू, नभएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२(२) बमोजिम निजको नाउँमा समाह्वान म्याद जारी गरी बकपत्रका लागि पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०८०।९।२३ मा शुरु अदालतबाट भएको **आदेश।**

२७. वि.स.२०६२ सालको जेठ महिनादेखि शुरुमा बारा जिल्लाको रतनपुरी भन्ने जंगलमा करिब १० महिना जति पिपलको रुखमुनी बसी ध्यान गरी ज्ञान प्राप्तगरेको हुँ। त्यसपछि बारा जिल्लाकै हलखोरी जंगलमा करिब ८ बर्ष ध्यान गरेपश्चात् सर्लाही जिल्लाको लालबन्दी नगरपालिका वडा नं १२ मा रहेको पत्थरकोट आश्रममा आई ध्यान गरेको हुँ। त्यहाँबाट सिन्धुली जिल्लास्थित पहिरेमा जंगल बीचमा रहेको आश्रममा ध्यान गरी बसें। त्यसपश्चात् सिन्धुपाल्चोक जिल्लामा रहेको आश्रममा गई बसेको हुँ। मैले ध्यान गर्ने ठाउँमा अरु कोही पनि रहँदैनथे। मेरो सँगसाथमा १/२ जना नजिकका चेलाहरु रहन्थे, निजहरुको नाम अहिले याद छैन, निजहरु मेरो सँगसाथमा पनि छैनन्। उक्त ध्यानस्थल तथा आश्रममा बसेको अवधि यकिन रुपमा याद भएन। म ध्यानका लागि बसेको स्थानमा आस्थाले मानिसहरु आउने र जाने भिडभाड रहन्थ्यो तर निजहरुसँग दोहोरो संवाद भने हुने गरेको थिएन। म करिब ८ वर्ष चाहि निराहार ध्यानमा बसेको थिएँ। उक्त आश्रममा बसेको धेरै समय भइसकेकाले अहिले पूर्णरुपमा याद छैन। म बसेको समयमा सानो कटेरो रहेको जस्तो लाग्छ। उक्त आश्रममा रहँदा प्राय शिष्यहरु/चेलाहरु आउनेजाने गर्दथे। निजहरुले नै मलाई खाने कुराहरु फलफुल लगायतको प्रबन्ध गरिदिन्थे। उक्त आश्रममा रहँदाका बखत महिला/पुरुष, बालबच्चा, बृद्ध सबैजना आउने गर्दथे। उक्त आश्रम बोधि श्रवण धर्म संस्थाले संचालन गरेको हो र सो संस्थाका संचालकहरुमा महिला पुरुष सबै रहन्छन्। सोही संस्थाबाट संचालित कार्यक्रममा मेरो भूमिका धर्मसम्बन्धी प्रवचन दिने रहन्थ्यो, निज संचालकहरुको नाम थर बारेमा थाहा छैन। आश्रमहरुमा रहँदा बस्दाका बखत व्यवस्थापकीय भूमिकामा मेरो कुनै किसिमको संलग्नता रहँदैनथ्यो। उक्त वारदात भनिएको मिति २०७३/४/२० गते म उक्त पत्थरकोट आश्रममा भएपनि निज आनी भनिएकी नामथर परिवर्तित (क)सँग मेरो चिनजान र भेटघाट भएको छैन। आश्रममा दर्शनका लागि आउन सबैलाई अनुमति भए पनि बस्नका लागि पुरुषहरु मात्र बस्दथे। मेरो श्रीमती दिपशिखा बाहेक अन्य महिलालाई बस्न अनुमति थिएन। मैले निज जाहेरवालालाई रातीको समयमा डरत्रास देखाई आफू सुत्ने कोठामा लगी पटकपटक यौन शोषण गरेको होईन। मैले अभियोगदाबी बमोजिमको कसूर नै नगरेकाले सजाय हुनुपर्ने होइन, सत्यतथ्यमा

आधारित नभई झुट्टा आरोप लगाई दायर अभियोग दाबीबाट सफाई पाऊँ। एउटा धर्ममा आस्था राखी ध्यान/तपस्या गर्ने व्यक्तिले कहिल्यै पनि गलत कार्य गर्न सक्दैन। मेरो ध्यान तथा तपस्याबाट शान्ति हुनेदेखि अशान्ति फैलाउन चाहने स्वार्थसमूहले म विरुद्ध गलत आरोप लगाएका हुन्। साथै मसँगै सहप्रतिवादीहरु बनाइएका ज्ञान कुमार बम्जन र जित कुमार तामाङ्गले मलाई लुकाउने र भगाउन सहयोग गर्ने भन्नेसमेतको अभियोग दावी झुट्टा हो, निजहरुलाई म चिन्दा पनि चिन्दिन। म प्रायः आफ्नो खुशीअनुसार नै आफूले चाहेको स्थान तथा आश्रममा ध्यानका लागि जाने गर्दथैं, मलाई कसैले परिचालन गर्दैनथ्यो भन्नेसमेत बेहोराको प्रतिवादी **राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले शुरु अदालतमा गरेको बयान।**

२८. पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई प्रतिवादी रामबहादुर बम्जन भन्ने रामलाल बम्जनलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न नजिकको कारागार कार्यालयमा थुनामा राख्न पठाइदिनू। साथै प्रतिवादी चुक्ता भई सकेको अवस्था देखिदा प्रतिवादी रामबहादुर बम्जन भन्ने रामलाल बम्जनको साक्षी मिति २०८०।१०।०७ को दिन साक्षी बकपत्र गर्नको लागि तारेख तोकी नियमानुसार गरी पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०८०।०९।२६ मा भएको थुनछेक **आदेश।**

२९. फरार प्रतिवादी रामबहादुर बम्जन भन्ने रामलाल बम्जन सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं.८ पहिरे स्थित बोधी श्रवण धर्म संघको आश्रममा रहेको भन्ने सुराकी परिचालन र प्राविधिक सूचनासमेतको आधारमा आवश्यक जनशक्ति र स्रोत साधनसहित मिति २०७७/०३/०४ गते गइ खोजतलास गर्ने क्रममा उक्त आश्रमको भौगोलिक अवस्थितिको फाइदा उठाई आफ्ना सहयोगीको सूचनाको आधारमा आफू बसिरहेको घर कम्पाउण्डबाट भागी गएकोले पक्राउ गर्न नसकेको हो। उक्त आश्रममा मुख्यद्वार र अन्य नाकाहरुमा संचारसेटसहित सेकिर्युटी राखी बसेको र उक्त सूचनासमेतको र आश्रमकै कमाण्डरको रुपमा मकवानपुर थाहा नगरपालिका वडा नं.७ घर भइ सोही बोधी आश्रममा तोप्चेङ्ग महात्मा गुरुबाट चिनिने ज्ञानबहादुर बम्जन र अर्का सिन्धुली जिल्ला, मरिन गाउँपालिका वडा नं.५ बस्ने जितबहादुर तमाङ्गसमेतको सहयोगमा निज प्रतिवादी रामबहादुर बम्जन भन्ने रामलाल बम्जन भागेको, भगाउने कार्यमा र सरकारी कार्मचारीलाई असहयोग र अवरोध तथा घेराउसमेत गर्ने माथि उल्लेखित ज्ञानकुमार बम्जन र जितबहादुर तमाङ्गलाईसमेत कारवाही गरी पाऊँ भन्ने बेहोरासमेतको प्रतिवेदन मैले तयार गरी पेश गरेको हुँ भन्ने **प्र.व.उ. बेलबहादुर पाण्डेले शुरु अदालतमा गरेको बकपत्र।**

३०. मिति २०७३/०४/२० गते पत्थरकोट आश्रममा परिवर्तित नाम (क) भनिएकी पीडितसँग प्रतिवादीको चिनजान भेटघाट भएको छैन। आश्रममा दर्शनको लागि आउन सबैको लागि अनुमति भएपनि बस्नको लागि पुरुषहरु मात्र बस्दथे। प्रतिवादीको श्रीमती दिपशिखाबाहेक

अन्य महिलाहरुलाई बस्न अनुमति थिएन। परिवर्तित नाम (क) लाई रातको समयमा डर त्रास देखाई प्रतिवादी सुत्ने कोठामा लगी निजको कपडा खोली प्रतिवादीले शारीरिक सम्पर्क तथा यौन शोषण गरेका होइन। निज पीडितलाई प्रतिवादीले आश्रममा राखेका पनि होइन। यदि प्रतिवादीले पीडित उपर मिति २०७३/०४/२० मा उक्त कसूर गरेको भए तत्काल हारगुहार गर्नुपर्ने, स्वास्थ्य उपचार गर्नुपर्ने, पीडितको शरीरमा घाःखत निलडाम हुनुपर्ने, कपडा च्यातिएको हुनुपर्ने सो केही पनि भएको छैन, केवल प्रतिवादी विगत २०६२ सालदेखि बोधी मार्ग मैत्री धर्मको राम्रो विस्तार भएको, स्वदेश विदेशमा राम्रो भएको र उक्त संस्थाको दिगो अथार्थ राम्रो देख्न नचाहने केही खराब व्यक्तिहरुले बनावटी कुरा सिर्जना गरी प्रतिवादीलाई दुःख हैरानी गर्ने, चरित्र हत्या गर्ने र उक्त धर्मको अस्था र विश्वासलाई भड्काउनको निमित्त मिति २०७६/१०/२३ मा आएर यो झुट्टा मुद्दा प्रतिवादी उपर दायर गरेको हो । प्रतिवादीलाई झुट्टा मुद्दा सिर्जना गरी बदनाम गरेर दुःख दिने उद्देश्यबाट प्रस्तुत मुद्दा परेको हुँदा अभियोग दावीबमाजिमको कुनै पनि कार्य प्रतिवादीबाट नभएकोले झुट्टा मुद्दाबाट प्रतिवादीले सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी रामबहादुर बम्जन भन्ने **रामलाल बम्जनको साक्षी लाक्पा लामाले शुरु अदालतमा गरेको बकपत्र।**

३१. प्रस्तुत मुद्दामा पीडितको स्वास्थ्य परीक्षण गर्ने डा.चन्दन राज शर्मालाई बुझ्नु पर्ने हुँदा निज तहाँ प्रादेशिक अस्पताल, मलंगवा सर्लाहीमा कार्यरत भए निजलाई उपस्थित गराईदिन, निज चिकित्सक तहाँ अस्पतालमा कार्यरत नभई अन्यत्र सरुवा भई गईसकेको अवस्था भए हाल निज कार्यरत रहेको अस्पताललाई तहाँबाट नै समन्वय गरी आदेशको बेहोरा जानकारी गराई उपस्थित गराई दिन अनुरोध गर्ने, डा.चन्दन राज शर्मा हाल कार्यरत रहेको अस्पताल र निजको ठेगानासमेत तहाँको जानकारीमा नभए निजलाई उपस्थित गराउन नसक्नुको कारणसमेत खुलाई निजै सरहका चिकित्सक वा सोभन्दा माथिल्लो तहका चिकित्सकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०२ बमोजिम जिल्ला सरकारी वकील कार्यालय, सर्लाहीमार्फत बकपत्रको लागि अनिवार्य उपस्थित गराई बकपत्रका लागि पेश गर्नु भन्नेसमेत बेहोराको शुरु अदालतबट मिति २०८०।१०।१७ मा भएको **आदेश।**

**३२.** मिति २०७६।१०।२३ मा भएको परीक्षण प्रतिवेदनमा भएको बेहोरा र सहीछाप मेरै हो, पीडितको शरीरको अन्य भागमा चोटपटक देखिएको थिएन, कन्याजालीमा २ दुई ठाउँमा पुरानो ९ O,Clock, 5O, Clock च्यातिएको देखेको थिएँ भन्ने समेत बेहोराको **डा. चन्दनराज शर्माले शुरु अदालतमा गरेको बकपत्र।**

३३. यसमा मौकामा बुझिएकी कमला भन्ने निरासु मुक्तानको ठेगाना जिल्ला सिन्धुली हरिहरपुरगढी नगरपालिका वडा नं. ७ भनी उल्लेख गरेको देखियो। शुरु अदालतबाट मिति २०८०।८।५ गते भएको आदेशको प्रकरण २ मा उल्लेखित आदेशानुसार कमला भन्ने निरासु मुक्तानको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२

बमोजिम जारी भएको मिसिल संलग्न तामेली म्याद हेर्दा सिन्धुली जिल्ला अन्तरगत हरिहरपुर नगरपालिका नभएको भनी उल्लेख भई आएको देखिएको र प्रतिवादीहरूका कानून व्यवसायीले निज कमला भन्ने निरासु मुक्तानलाई बुझ्ी पाउन इजलाससमक्ष अनुरोधसमेत गर्नुभएकोले निज कमला भन्ने निरासु मुक्तानले मौकामा गरेको घटना विवरण कागजमा उल्लेखित ठेगाना र निजका नामको तामेली म्यादमा उल्लेखित ठेगाना सम्बन्धमा के कसो भएको हो? स्पष्ट जवाफसहित कमला भन्ने निरासु मुक्तानको वास्तविक ठेगाना एकिन गरी खुलाई पठाइदिनु भनी जिल्ला सरकारी वकील कार्यालय, सर्लाहीमा लेखी पठाई खुली आएको ठेगानामा शुरु अदालतबाट मिति २०८०।८।५ गते भएको उक्त आदेसानुसारको कार्य सम्पन्न भएपछि नियमानुसार गरी पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०८०।११।१६ मा शुरु अदालतबाट भएको **आदेश।**

३४. यी पीडितको बारदात मिति २०७३।४।२० गते उमेर १५ वर्ष उल्लेख भई मिति २०७६।१०।२३ मा जाहेरी दरखास्त दिंदा वर्ष १८ उल्लेख भएको देखिँदा बालबालिका विरुद्धको कसूर सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका १८ वर्ष पुरा भएको एक वर्षसम्म कायम रहने आधारमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७४ को उपदफा (२) मा व्यवस्था भए अनुसार उक्त हदम्याद भित्र नै जाहेरी पर्न आएको भन्ने बेहोरा उल्लेख भएको सन्दर्भमा यी पीडितको जन्मदर्ता प्रमाणपत्र तथा सो दर्ता गर्दा खडा गरेको सक्कल जन्मदर्ता गर्न अभिलेख रजिष्ट्रर सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जिल्ला सरकारी वकील, कार्यालयमार्फत झिकाई मिसिल सामेल गरी नियमानुसार पेश गर्नु भन्नेसमेत बेहोराको शुरु अदालतबाट मिति २०८१।२।२४ मा भएको आदेश। उक्त आदेशानुसारको जन्मदर्ताको प्रमाणित प्रतिलिपि मिसिल सामेल रहेको।

३५. प्रतिवादी राम बहादुर भन्ने रामलाल बम्जनले यौनसन्तुष्टि प्राप्त गर्ने उद्देश्यले बालयौन शोषण गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनआएको देखिएकोले निज प्रतिवादीले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३)(छ) र (ज) बमोजिमको कसूर गरेको ठहर्छ। अर्का प्रतिवादीद्वय ज्ञान कुमार बम्जन र जित बहादुर तामाङ्गउपर लगाइएको अभियोग दावी पुष्टी हुने प्रमाण मिसिलबाट देखिन नआएकोले निज प्रतिवादी ज्ञान कुमार बम्जन र जित बहादुर तामाङले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। अब यी प्रतिवादी राम बहादुर भन्ने रामलाल बम्जनको सजाय निर्धारणको लागि दुवै पक्षबाट सजायपूर्वको प्रतिवेदन पेश गर्न लगाई सजाय निर्धारणको लागि कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८,९,१०,११ बमोजिम मिति २०८१।३।१७ गते पेशीको सूचना दिई पेश गर्नु भन्ने समेत बेहोराको **शुरु जिल्ला अदालतको कसूर ठहर निर्णय।**

३६. प्रतिवादीले आफू बुद्ध भगवानको अवतार छु भनी बुद्धको ज्ञानदर्शन बाँडिरहेका अवस्थामा आफैले प्रचलित कानूनले निषेध गरेको र जघन्य कसूर मानेको बालयौन दुरुपयोगको कसूर

गरेको देखिंदा वारदात हुँदाका वखत कायम रहेको प्रचलित कानून मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३ को देहाय (३) बमोजिम यी प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनलाई १० वर्ष कैद र पीडित परिवर्तित नामथर (क) लाई रु.५,००,०००।- (पाँच लाख रुपैया) क्षतिपूर्ति भराई दिने गरी सजाय निर्धारण गरिदिएँ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु.१,८००।- क्षतिपूर्ति शुल्क कोषमा दाखिला गराउनु पर्ने समेत ठहर्छ भन्नेसमेत बेहोराको **शुरु जिल्ला अदालतबाट भएको सजाय निर्धारण फैसला।**

३७. उक्त फैसलामा चित्त बुझेन। प्रस्तुत शुरु फैसलामा जाहेरवालालाई १५ वर्षकी बालिका भनी बडो महत्व दिइएको र निजको सहयोग गर्ने मान्छे कोही नभएको भनिएको छ। तर प्रतिवादीको कब्जामा नरहेकी, निजको बाबुसमेत आश्रममा बस्ने गरेको आमा, दाई भाइसँग निरन्तर सम्पर्क मै रहेको र निजको घटनाको करिब १ वर्ष अर्थात मिति २०७४/३/१९ मा १६ वर्षकी बालिग भैसकेकी अवस्थामा नाबालिगलाई सुविधा दिएको भन्ने आधार नै मनोगत रहेको छ। पीडितले आफूमाथि पटकपटक यौन शोषण भयो भने तापनि कुनै पनि मिति र घटना कागजमा उल्लेख नगरेको भएपनि शुरु फैसलामा बलपूर्वक गुरुले पटकपटक यौन शोषण गरेको भनी सजाय निर्धारण खण्डमा उल्लेख हुनु प्रमाणको पहिचान र मूल्याङ्कन अन्यायपूर्ण देखिन्छ। निजले आफू घटनाको हप्ता दिनसम्म दुखेर हिड्न नसकेको भनेपनि त्यसबारे भौतिक, प्रत्यक्ष वा अप्रत्यक्ष प्रमाण प्रस्तुत भएको देखिँदैन। निजको हालको परीक्षणबाट यौनाङ्गमा जे अवस्था छ भनिएको छ त्यो कथित घटनाको चार वर्ष भन्दा वढी समयपछिको प्रौढ महिलाको एउटा अवस्था मात्र हो। Hymen को सो अवस्था यस मुद्दाको प्रमाण होइन। यस बिचमा निजको सबै हिडडुल, घुमफिर वा क्रियाबाट सृजित परिणाम शरीरको अवस्था, उमेर, अवधि, इत्यादि वारे कुनै अनुसन्धान नै भएको छैन। साथै शुरु फैसलाले हदम्यादका सम्बन्धमा सम्बोधन नगरेको समेतका आधारमा उक्त शुरु फैसला मेरा हकमा त्रुटीपूर्ण र अन्यायपूर्ण भएको हुँदा मिसिल संलग्न तथ्यगत आधार र प्रमाणको वस्तुनिष्ठ मुल्याङ्कन गरी शुरु अदालतवाट भएको फैसला उल्टी बदर गरी झुठ्ठा र काल्पनिक अभियोग दावीबाट सफाइ पाऊँ भन्ने समेत बेहोराको **प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको** हाल थुनामा रहेको कारागार कार्यालय चौतारा, सिन्धुपाल्चोकमार्फत यस अदालतमा दायर भएको **पुनरावेदनपत्र।**

३८. उक्त फैसलामा चित्त बुझेन। प्रतिवादीहरु मौकामा फरार रही अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कारी बयान गरेतापनि Old hymenal tear present at 5 O'clock and 9 O'clock भन्ने समेत बेहोराको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवादी रामबहादुर बम्जन भन्ने रामलाल बम्जन भागेको, भगाउने कार्यमा र सरकारी कर्मचारीलाई असहयोग र अवरोध तथा घेराउ समेत गर्ने कार्य प्रतिवादीहरु ज्ञानकुमार बम्जन र जितबहादुर तामाङले गरेकोमा निजहरुलाई कारवाही गरिपाऊँ भन्ने प्रतिवेदन मैले तयार

गरेको हो भनी प्र.व.उ. बेलबहादुर पाण्डेले अदालत समक्ष गरेको बकपत्र समेतका प्रमाणहरुबाट निज प्रतिवादीहरुको कसूर पुष्टि भएको अवस्थामा सो तथ्यलाई अन्देखा गरी निजहरुलाई अभियोग दावी बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी आरोपित कसूरबाट सफाई दिने गरी भएको शुरु अदालतको फैसला त्रुटिपुर्ण हुँदा बदर गरी निज प्रतिवादीहरु ज्ञानकुमार बम्जन र जितहादुर तामाङलाई अभियोग दावी बमोजिमको कसूरमा सजाय गरी पाऊँ र प्रतिवादी रामलाल बम्जनको हकमासमेत अभियोग दावी अनुसारको कसूरमा सजाय नभई दावी परिवर्तन गरी भएको फैसलासमेत त्रुटीपूर्ण रहेकोले अभियोग दावीअनुसार नै सजाय हुने गरी इन्साफ हुनुपर्छ भन्ने बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर भएको **पुनरावेदनपत्र**।

३९. यसमा मिति २०७३।०४।२० को वारदातको सम्बन्धामा पछि लागू भएको बालबालिका सम्बन्धी ऐन, २०७५ को हदम्याद कायम गरी भएको शुरु सर्लाही जिल्ला अदालतको मिति २०८१।०३।१७ को फैसला कानून व्याख्याको रोहमा विचारणीय देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रतिवादीको पुनरावेदनपत्रको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई समेत दिई सोको निस्सा मिसिल सामेल राख्नु। साथै सफाई पाएका प्रतिवादीहरुलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने तथा अर्का प्रतिवादी रामबहादुर बम्जनलाई दावी परिवर्तन गरी भएको फैसला त्रुटीपूर्ण भएको भनी वादी नेपाल सरकारको पुनरावेदन परेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ वादी नेपाल सरकारको पुनरावेदनपत्रको जानकारी थुनामा रहेको प्रतिवादी रामबहादुर बम्जनलाई दिई अन्य प्रतिवादीहरुलाई म्याद सूचना दिई नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०८१/०८/०५ मा भएको **आदेश**।

४०. यसमा यस अदालतमा विचाराधीन मुद्दा नं. ०८१-cs-०२१६ र ०३०४ को यौनसन्तुष्टि प्राप्त गर्ने तथा बालयौन शोषणसम्वन्धी कसूर मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनलाई सम्पत्ति शुद्धिकरण कसूरमा अनुसन्धानको क्रममा बयान गर्ने प्रयोजनका लागि अनुमति प्रदान गरिपाऊँ भनी सम्पत्ति शुद्धिकरण विभाग, पुल्चोक ललितपुरको च.नं.७७२ मिति २०८१।०८।०९ को पत्रबाट अनुरोध भइआएको देखिएको र सो बेहोरा मनासिव नै हुँदा बयान कार्य समाप्त भएपछि हाल रहिरहेकै कारागारमा थुनुवा फिर्ता हुने गरी सम्पत्ति शुद्धिकरण सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा वयान गर्ने प्रयोजनका लागि पुनरावेदक प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनलाई सम्पत्ति शुद्धिकरण विभागमा उपस्थित गराउन अनुमति प्रदान गरिदिएको छ भनी यस अदालतबाट मिति २०८१/०८/११ मा भएको **आदेश**।

## यस अदालतको ठहर

४१. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्रसहितको मिसिल र शुरु मिसिल अध्ययन गरियो।

४२. पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकील कार्यालय, जनकपुरका विद्वान सहायक न्यायाधिवक्ता श्री अजित कुमार लाल कर्णले बारदात मिति २०७३।४।२० मा पीडितको उमेर १५ वर्ष उल्लेख भएको, मिति २०७६।१०।२३ मा जाहेरी दरखास्त दिंदा निजको उमेर वर्ष १८ उल्लेख भएको र बालबालिका विरुद्धको कसूर सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका १८ वर्ष पुरा भएको एक वर्षसम्म कायम रहने व्यवस्था बालबालिका सम्बन्धी  ऐन, २०७५ को दफा ७४ को उपदफा (२) मा रहेकोले सोही कानूनी व्यवस्थाअनुसार जाहेरी हदम्याद भित्र नै परेको र मिसिल संलग्न पीडितको जाहेरी र मौकाको कागज, उक्त दुवै कागजको बेहोरालाई समर्थन हुनेगरी भएको बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, सो परीक्षण गर्ने चिकित्सकको बकपत्र, मौकामा कागज गर्ने व्यक्तिहरुले गरिदिएको घटना विवरण कागज समेतका प्रमाणबाट प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले अभियोग दावी अनुसारको कसूर गरेको पुष्टि भइरहेकोमा दावी परिवर्तन गरी निजलाई सजाय गर्ने ठहर गरेको तथा अन्य दुई प्रतिवादीहरुले निज राम बहादुर बम्जन भन्ने रामलाल बम्जनलाई आश्रय दिने, भगाउने, लुकाउने कार्य गरेको मौकाको कागज बेहोरा तथा परिस्थितिजन्य आधारसमेतबाट देखिएकोमा निज प्रतिवादीहरुलाई मतियारको रुपमा सजाय हुनु पर्ने अवस्था हुँदाहुँदै आरोपित कसूरबाट सफाई दिने ठहर भएको उक्त फैसला त्रुटीपूर्ण रहेकोले बदर गरी अभियोग दावी बमोजिम नै सबै प्रतिवादीहरुलाई सजाय हुने गरी इन्साफ हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

४३. पुनरावेदक प्रतिवादी तथा प्रत्यर्थी प्रतिवादी समेतको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री विनोद कुमार शर्मा तथा विद्वान अधिवक्ताद्वय श्री राम घिमिरे र श्री बाबुराम भट्टराइले कथित वारदात भएको भनिएको मिति २०७३।४।२० मा यी पीडितको उमेर १५ वर्ष रहेको, तत्कालीन समयमा जाहेरी दरखास्त दर्ता गर्ने हदम्याद वारदात घटेको मितिले छ महिनाको मात्र रही सो अवधिभित्र जाहेरी दर्ता हुन नसकी मिति २०७६।१०।२३ मा मात्र दर्ता भएको देखिएको, वारदात हुँदाका अवस्थामा लागू रहेको बालबालिका सम्बन्धी ऐन,२०४८ को दफा ५४ मा कसूर भएको एक वर्ष र अनैतिक काममा लगाएकोमा तीन वर्षसम्म नालिस दिनु पर्ने व्यवस्था रहेकोमा सोअनुसार पनि हुन नसकेको र मिति २०७५।६।३ देखि लागू भएको नँया बालबलिका सम्बन्धी ऐन,२०७५ अन्तर्गत तोकिएका कसूरका हकमा व्यवस्था भएको दफा ७४ को हदम्याद टेकी प्रस्तुत मुद्दाको अनुसन्धान र अभियोजन भएकोमा उक्त दफासमेत आकर्षित हुन नसक्ने भएकोले हदम्यादविहिन अभियोगपत्र प्रथम दृष्टिमा नै खारेज गरी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउनुपर्ने अवस्था छ। मुद्दाको विषयबस्तुमा प्रवेश गरेको अवस्थामा पनि पीडितको

भनाई बाहेक कसूर स्थापित हुने प्रत्यक्ष, स्वतन्त्र, बस्तुनिष्ठ र शंकारहित प्रमाणको सख्त अभाव रहेको, प्रतिवादीहरु आरोपित कसूरमा इन्कार रही निजका साक्षीको बकपत्रबाट सो इन्कारी समर्थित भइरहेको अवस्थामा सफाई दिएको हकमा सदर गरी कसूर कायम गरी सजाय भएको हकमा शुरु अदालतको फैसला कानूनसम्मत र न्यायोचित नरहेकोले उल्टी गरी प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनलेसमेत आरोपित कसूरबाट सफाई पाउने गरी इन्साफ हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

४४. उल्लिखित तथ्य, पुनरावेदन जिकिर र बहस बुँदा रहेको प्रस्तुत मुद्दामा शुरु जिल्ला अदालतबाट भएको फैसला मिले, नमिलेको तथा प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जन र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने, नसक्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

४५. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले चौधवर्ष भन्दा बढी सोह्रवर्ष भन्दा कम उमेरकी बालिकालाई यौनसन्तुष्टि प्राप्त गर्ने तथा बाल यौनशोषण गर्ने कार्य गरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३)(छ) र (ज) बमोजिमको कसूर गरेकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ७२ को उपदफा (३)(छ) मा पारिभाषित मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३)(ग) बमोजिम सजाय हुन र प्रतिवादीहरु तोप्चेङ महात्मा गुरु भनी चिनाउने ज्ञान कुमार बम्जन र जे.बि.गुरु भन्ने जित बहादुर तामाङले कसूरदार रामलाल भन्ने राम बहादुर बम्जनलाई भगाउने, लुकाउने गरेकोले निजहरुको सो कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा ३६(१) र (२) बमोजिमको कसूर हुँदा निज प्रतिवादीहरुलाई ऐ. संहिताको दफा ३६(३)(ख) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट क्षतिपूर्ति शुल्क बापतको रकम कोषमा जम्मा गरी पाऊँ भन्ने अभियोग दावी रहेको देखिन्छ ।

४६. प्रतिवादी राम बहादुर भन्ने रामलाल बम्जनले यौनसन्तुष्टि प्राप्त गर्ने उद्देश्यले बालयौन शोषण गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएकोले निज प्रतिवादीले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३)(छ) र (ज) बमोजिमको कसूरमा वारदात हुँदाका वखत कायम रहेको प्रचलित कानून मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३ को देहाय (३) बमोजिम प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनलाई १० वर्ष कैद, निज प्रतिवादीबट पीडित परिवर्तित नामथर (क) लाई रु.५,००,०००।- (पाँच लाख रुपैया) क्षतिपूर्ति भराई दिने र प्रतिवादीबाट नै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु.१,८००।- क्षतिपूर्ति शुल्क कोषमा दाखिला गराउनु पर्ने समेत ठहरी र अर्का प्रतिवादीद्वय ज्ञान कुमार बम्जन र जित बहादुर तामाङ उपर लगाइएको अभियोग दावी प्रमाणबाट पुष्टी हुन नसकेकोले निज प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउने गरी शुरु अदालतबाट फैसला भएको पाइन्छ।

४७. उक्त फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट र प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको तर्फबाट यस अदालतमा अलग अलग पुनरावेदनपत्र दायर भएको देखिन्छ। वादी नेपाल सरकारको पुनरावेदनमा प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनका हकमा अभियोग दावी अनुसारको कसूरमा सजाय नगरी दावी परिवर्तन गरी सजाय गर्ने गरी भएको शुरु अदालतको फैसला नमिलेकोले सो हदसम्म बदर गरी अभियोग दावी अनुसार नै निज प्रतिवादीलाई सजाय हुनु पर्ने भन्ने र अन्य दुई प्रतिवादीहरुको प्रस्तुत वारदातमा मूल कसूरदारलाई भगाउने, लुकाउने कार्यमा संलग्नता देखिएकोमा निज प्रतिवादीहरुलाई अरोपित कसूरबाट सफाई दिएकोमा समेत उक्त फैसला नमिलेकोले बदर गरी अभियोग दावी अनुसार निज प्रतिवादीहरुलाई समेत सजाय हुनु पर्ने भन्ने जिकिर लिएको पाइन्छ। यसैगरी प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनको पुनरावेदनमा हदम्याद विहिन जाहेरीका आधारमा अनुसन्धान गरी आफूसमेत उपर जबरजस्ती मुद्दा दायर गरी कसूर पुष्टि हुने प्रमाणको अभाव हुँदाहुँदै कसूर ठहर गरी सजाय हुने र क्षतिपूर्ति भराउने गरेको शुरु अदालतको फैसला कानून विपरीत र न्यायोचित नरहेकोले बदर गरी आरोपित कसूरबाट सफाई हुने गरी यस अदालतबाट फैसला हुनु पर्ने भन्ने जिकिर लिएको देखिन्छ ।

४८. उक्त दुवै पुनरावेदनमा प्रारम्भिक सुनुवाई गरी यस अदालतको पूर्ववर्ती इजलासबाट मिति २०७३।०४।२० को वारदातको सम्बन्धमा पछि लागू भएको बालबालिका सम्बन्धी ऐन, २०७५ को हदम्याद कायम गरी भएको शुरु सर्लाही जिल्ला अदालतको मिति २०८१।०३।१७ को फैसला कानून व्याख्याको रोहमा विचारणीय देखिएको र सफाई पाएका प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने तथा अर्का प्रतिवादी रामबहादुर बम्जनलाई दावी परिवर्तन गरी भएको फैसला त्रुटीपूर्ण भएको भनी वादी नेपाल सरकारको पुनरावेदन परेकोले सो को जानकारी थुनामा रहेका प्रतिवादी रामबहादुर बम्जन र अन्य प्रतिवादीहरुलाई सूचना दिनु भन्ने बेहोराको प्रत्यर्थी झिकाउने आदेश समेत भएको छ।

४९. प्रस्तुत मुद्दामा मूलतः हदम्यादको प्रश्न नै निर्णायक देखिएकोले सोही प्रश्नकै निरोपण सर्वप्रथम हुनुपर्ने देखिन्छ। यस अदालतको पूर्ववर्ती इजलासले प्रत्यर्थी झिकाउँदा हदम्यादको प्रश्नलाई मूल आधार बनाएको छ । हदम्यादको प्रश्न निराकरण भएपछि त्यसका आधारमा शुरु अदालतले गरेको फैसलाको अन्तरबस्तु र मुद्दाको विषयबबस्तुमा प्रवेश गर्नु पर्ने वा नपर्ने विषयसमेत अन्तर प्रभावित हुने अवस्था रहन्छ। न्याय प्रशासनमा हदम्यादको ज्यादै महत्व छ। प्रस्तुत मुद्दाको वारदात मिति २०७३।४।२० मा भएको र सो वारदात बारेको जाहेरी दरखास्त २०७६।१०।२३ मा दर्ता भएको तथ्यमा कुनै विवाद देखिंदैन। जाहेरी दरखास्तको बेहोराबाट वारदातको विषय जबरजस्ती करणी भन्ने देखिन्छ। वारदात हुँदाका समयमा मुलुकी ऐन, २०२० र बालबालिका सम्बन्धी ऐन,२०४८ प्रचलनमा रहेको पाइन्छ। जाहेरी दरखास्तमा उल्लिखित कसूरको हदम्यादका

सम्बन्धमा कानूनी व्यवस्था गर्ने जबरजस्ती करणीको महल रहेको छ । उक्त महलको ११ नं. मा जबरजस्ती करणीको कुरामा सो भए गरेको मितिले ६ महिनाभित्र नालिस नदिए लाग्न सक्तैन भन्ने उल्लेख भएको छ। यसबाट प्रस्तुत मुद्दाको वारदात हुँदाका समयमा जबरजस्ती करणीको मुद्दाका लागि करणी भएका मितिले छ महिनाको हदम्याद निर्धारित भएको देखिन्छ ।

५०. प्रस्तुत मुद्दाका जाहेरवाला पीडित स्वयं नै रहेको र सो वारदात हुँदाका अवस्थामा निजको उमेर १५ वर्ष भन्ने जाहेरी दरखास्त र मिसिल संलग्न निजको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको छ उक्त समयमा बालबालिका सम्बन्धी ऐन, २०४८ प्रचलनमा रही उक्त ऐनको दफा २ को खण्ड (क) ले १६ वर्ष उमेर पूरा नगरेको बालबालिकालाई नाबालक भनी परिभाषित गरेको छ। मुलुकी देवानी र फौजदारी संहिता,२०७४ जारी भई २०७५।५।१ मा लागू भए पछि मुलुकी देवानी संहिता,२०७४ को दफा ३२ र मुलुकी अपराध संहिता,२०७४ को दफा ४५ मा १८ वर्ष पूरा नगरेको बालबालिकालाई नाबालक मानिने कानूनी व्यवस्था भएको देखिन्छ। बालबालिका सम्बन्धी ऐन,२०४८ लाई प्रतिस्थापित गरेको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ञ) ले पनि १८ वर्ष सम्मको व्यक्तिलाई नाबालक मानिने गरी परिभाषित गरेको र सो ऐन मिति २०७६।६।३ देखि लागू भएको अवस्था छ। तर प्रस्तुत वारदात र मुद्दाका सम्बन्धमा नाबालकको उमेरमा १६ वर्षको मापदण्ड लागू हुने देखिन्छ। वारदात भए पश्चात् नँया कानूनमा भएको व्यवस्थाबाट नाबालकको उमेर थप भए पनि पछि थप भएको उमेरका आधारमा पीडितलाई हदम्यादको सुविधा प्राप्त हुन सक्ने देखिंदैन। निजले पाएको सुविधाका कारणले अर्को कोही व्यक्ति निजसँगको फौजदारी कसूरमा सजायको भागिदार हुन मिल्दैन ।

५१. बालबालिका सम्बन्धी ऐन,२०४८ मा प्रस्तुत मुद्दाको विषयबस्तुसँग मिल्ने कसूरको नामाकरण र व्यवस्था रहे भएको देखिंदैन। सो ऐनमा उल्लिखित कसूरजन्य कार्य वा हक प्रचलनका उपर कारवाही चलाउने र नालिस गर्ने हदम्यादको व्यवस्था दफा ५४ मा रहेको छ। उक्त दफामा यो ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो भए गरेको मितिले दुई वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्ने तर बदनियतपूर्वक बालकको सम्पत्ति बेचबिखन गरेकोमा जहिलेसुकै पनि र बालकलाई अनैतिक काममा लगाएकोमा सो काम भए गरेको मितिले तीन वर्षसम्म नालिस लाग्न सक्नेछ भन्ने उल्लेख भएको छ। प्रस्तुत मुद्दाको विषय नाबालकको सम्पत्तिको हिनामिना सम्बन्धी होइन। नाबालकलाई अनैतिक काममा लगाएको भनी मान्ने हो भने पनि वारदात भएको मिति २०७३।४।२० का मितिले २०७६।४।१९ सम्म हदम्याद हुने देखिन्छ तर सो मिति पश्चात् प्रस्तुत मुद्दाको जाहेरी परी मिति २०७७।३।१८ मा अभियोगपत्र दायर भएको छ।

५२. प्रस्तुत मुद्दालाई प्रत्यक्ष जबरजस्ती करणी नभनी यौन सन्तुष्टि प्राप्त गर्ने तथा बालयौन दुरुपयोग भन्ने नया नामाकरण गरिएको देखिन्छ। यसको कारण प्रतिवादी उपरको आरोपित विषयलाई बालबालिका सम्बन्धी ऐन,२०७५ अन्तर्गत रहेका सम्बद्ध कसूरमा आवद्ध गर्ने र त्यसमा रहेको हदम्यादको व्यवस्था लागू गर्ने रहेको भन्ने नै प्रस्ट हुन आउँछ। प्रतिवादी उपरको अभियोग हेर्दा "बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३)(छ) र (ज) बमोजिमको कसूर गरेकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ७२ को उपदफा (३)(छ) मा पारिभाषित मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३)(ग) बमोजिम सजाय हुन" भन्ने उल्लेख भएको देखिन्छ। हदम्यादको हकमा दफा ६६ अन्तरगतको कसूरको सम्बन्धमा प्रचलित कानूनमा कुनै हदम्याद तोकिएकोमा त्यस्तो हदम्याद भित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ र उपरोक्तानुसार मुद्दा दायर नगरिएको अवस्थामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका विरुद्धका कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहने भन्ने व्यवस्थालाई टेकी प्रस्तुत मुद्दा दायर भएको पाइन्छ। यो व्यवस्था नँया बालबालिका ऐन,२०७५ को दफा ६६ मा उल्लिखित कसूरका हकमा मुद्दा दायर गर्नु पर्ने भएमा लागू हुने हो। मिति २०७३।४।२० मा बालबालिका सम्बन्धी ऐन,२०४८ लागू रहेको, त्यसमा यौन सन्तुष्टि प्राप्त गर्ने र बालयौन दुरुपयोग गर्ने कसूरका परिभाषित व्यवस्था नरहेको र बालबालिका सम्बन्धी ऐन,२०७५ लागू भए पश्चात् उक्त ऐनको दफा ६६ अन्तर्गत त्यस प्रकृतिका कसूरको कानूनी व्यवस्था भई ती कसूरका सम्बन्धमा उक्त दफा ७४ को हदम्यादको व्यवस्था रहे भएकोले उक्त हदम्यादको व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुन सक्तैन।

५३. माथिल्ला प्रकरणमा विवेचना भए अनुसार प्रस्तुत मुद्दामा वारदात हुँदाका बखतको प्रचलित कानूनबमोजिम तोकिएको हदम्यादभित्र अभियोगपत्र दायर हुन सकेको देखिंदैन। हदम्यादविहिन अभियोगपत्रको विषयबस्तुमा प्रवेश गरी अभियोग दावी पुग्ने वा नपुग्ने भनी ब्याख्या र विश्लेषण हुन आवश्यक नै छैन। शुरु अदालतले प्रस्तुत मुद्दामा लागू नै हुन नसक्ने बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ७४ अनुसार हदम्याद कायम गरी अभियोगको विषयबस्तुमा प्रवेश गरी इन्साफ गरेको भए पनि सो मिलेको देखिंदैन। कुनै विषयबस्तुमा प्रवेश गर्ने प्रस्थान विन्दु(हदम्याद) नै गलत(Defective) छ भने त्यसपछि गरिएका र गर्न खोजिएका सबै काम कारवाही कानूनसम्मत नभई त्रुटीपूर्ण हुन्छन्। त्यस्तो गलत र त्रुटीपूर्ण प्रवेश विन्दु(हदम्याद) अर्थात Defective departure point का आधारमा न्याय सम्पादन गर्न थालियो र यस्तो प्रवृत्तिलाई प्रोत्साहित गर्न थालियो भने त्यसले न्यायिक अराजकता सृजना गर्छ। यसो हुँदा कानूनी राज्य र स्वच्छ सुनुवाईको सिद्धान्तमा अतिक्रमण हुन पुग्छ। प्रस्तुत मुद्दामा शुरु अदालतको फैसला गलत कानून र मान्यतामा आधारित देखिएकोले उक्त फैसलाको औचित्यमा बिचार हुनु पर्ने अवस्था रहेन। त्यस आधारमा उक्त

फैसला बदर हुने र हदम्याद विहिन अभियोगपत्र नै खारेज हुने अवस्थाको विद्यमानता देखियो।

५४. अतः माथि उल्लेख अनुसार प्रस्तुत मुद्दाको वारदात मिति २०७३।०४।२० मा भई सो वारदात हुँदाको अवस्थामा जबरजस्ती करणीको कसूरका लागि ६ महिना हदम्याद रहेको देखिएको, तत्कालीन बालबालिका ऐन, २०४८ अनुसार १६ वर्ष पुगेपछि बालिग हुने व्यवस्था रही सोअनुसार यी पीडित मिति २०७४।३।१९ मा १६ वर्ष पुगिसकेको देखिएको र निजले २०७३-१०-२३ मा दिएको जाहेरीका आधारमा अनुसन्धान भई मिति २०७५।६।२ देखि लागू भएको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३) को खण्ड (छ) र (ज) बमोजिमको कसूर कायम गरी मिति २०७७।३।१८ मा अभियोगपत्र दायर भएको देखिएको र हदम्याद बिहिन जाहेरीका आधारमा अनुसन्धान गरी दायर भएको अभियोगका आधारमा पुनरावेदक प्रतिवादीलाई कसूरदार कायम गरी सजाय हुने ठहर गरेको शुरु सर्लाही अदालतको मिति २०८१।३।१० र मिति २०८१।३।१७ को फैसला नमिलेकोले बदर भई अभियोगपत्र नै खारेज हुने ठहर्छ। कसूरदार ठहर भएका पुनरावेदक प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले समेत आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। वादी नेपाल सरकारको पुनरवेदक जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

- माथि ठहर खण्डमा लेखिएबमोजिम शुरु अदालतको फैसला बदर भई पुनरावेदक प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले आरोपित कसूरबाट सफाई पाउने ठहर भएकोले निज प्रतिवादीका नाउमा शुरु अदालतको फैसलाले ठहर गरेको कैद, क्षतिपूर्ति र क्षतिपूर्ति शुल्कको लगत कायम नरहने हुँदा उक्त कैद, क्षतिपूर्ति र क्षतिपूर्ति शुल्कको लगत कट्टा गर्नु भनी शुरु सर्लाही जिल्ला अदालतमा लेखी पठाउनू।
- माथि ठहर खण्डमा उल्लेख भए अनुसार पुनरावेदक प्रतिवादी राम बहादुर बम्जन भन्ने रामलाल बम्जनले आरोपित कसूरबाट सफाई पाउने ठहर भएकोले निज प्रतिवादीलाई अन्य मुद्दाको कारणबाट थुनामा राख्नु पर्ने नभए प्रस्तुत मुद्दाको रोहबाट थुनामुक्त गरिदिनु भनी निज हाल थुनामा रहेको कारागार कार्यालयमा लेखी पठाउनू।
- शुरु अदालतको फैसला बदर भई प्रस्तुत फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने हुँदा यो फैसलामा चित्त नबुझे पुनरावेदन गर्न सकिने भनी वादी पक्षलाई पुनरावेदनको जानकारी दिनू।
- फैसलाको प्रतिलिपिसहित प्रस्तुत मुद्दामा फैसला भएको जानकारी उच्च सरकारी वकील कार्यालय, जनकपुरलाई दिनू।

- सरोकारवालाले प्रस्तुत फैसलाको प्रमाणित नक्कल माग गरे उच्च अदालत नियमावली, २०७३ को परिच्छेद १२ को प्रक्रिया अनुसार पीडित पक्षको गोपनियता संरक्षण हुने गरी नक्कल दिनू।
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अदालतको मुद्दा व्यवस्थापन सफ्टवेयरमा अपलोड गरी फैसलाको पिठमा जनाउनू।
- प्रस्तुत फैसला प्रमाणीकरण भएपछि यस अदालतको वेभसाइट र सूचना पाटीमा विवरण प्रकाशित गर्नू।
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल सर्लाही जिल्ला अदालतमा फिर्ता पठाई पुनरावेदनपत्रसहितको रेकर्ड मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाइदिनू।

(नरिश्वर भण्डारी)

उक्त रायमा सहमत छु। **न्यायाधीश**

(खेम राज भट्ट)

**न्यायाधीश**

**फैसला तयार गर्नेः**

इजलास अधिकृतः दिपेन्द्र कुवर

कम्प्युटर अपरेटरः रंजीत कुमार दास

**इति सम्वत् २०८१ साल चैत्र ०६ गते रोज ४ शुभम्--------------------------।**

फैसला प्रमाणीकरण मितिः २०८२।०१।०४ न्यायाधीश अदालतको छापः